## बेलका नगरपालिकाको नगर सभाको दशौं अधिवेशनको निर्णयहरु

### नगरसभाको दशौ अधिबेशन बैठक संख्या —३

मिति २०७९/३/१०/११ र ३० गते

निर्णय नं.१.

नगर कार्यपालिकाको आ.व. २०७८/०७९ चैत्र ८ गते देखि २०७९ असार १० गते सम्म (बैठक संख्या १६ देखि २२) तपसिल बमोजिम बसेको बैठकका निर्णयहरु अनुमोदन गरियो ।

तपसिल:

| क.स. | मिति | बैठक संख्या | निर्णय संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २०७८/०४/०७ | १ | ३ | |
| २ | २०७८/०५/०२ | २ | १९ | |
| ३ | २०७८/०५/२३ | ३ | ६ | |
| ४ | २०७८/०५/२९ | ४ | २० | |
| ५ | २०७८/०६/१० | ५ | ५ | |
| ६ | २०७८/०७/०४ | ६ | २८ | |
| ७ | २०७८/०७/३० | ७ | १६ | |
| ८ | २०७८/०८/०५ | ८ | ३ | |
| ९ | २०७८/०८/१५ | ९ | २३ | |
| १० | २०७८/०८/२९ | १० | २३ | |
| ११ | २०७८/०९/२० | ११ | २४ | |
| १२ | २०७८/०९/३० | १२ | ४ | |
| १३ | २०७८/१०/०७ | १३ | २० | |
| १४ | २०७८/११/०२ | १४ | १२ | |
| १५ | २०७८/११/११ | १५ | २४ | |
| १६ | २०७८/१२/०८ | १६ | १० | |
| १७ | २०७८/१२/१२ | १७ | ३० | |
| १८ | २०७९/०१/०९ | १८ | ३४ | |
| १९ | २०७९/०२/२२-२३ | १९ | २२ | |
| २० | २०७९/०३/०५ | २० | ११ | |
| २१ | २०७९/०३/०९ | २१ | १० | |
| २२ | २०७९/०३/२२ | २२ | २४ | |
| निर्णय संख्या | | | ३६८ | |

निर्णय नं.२.

बेलका नगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम पेश भए वमोजिम अनुसूची १ अनुरुपको केहि विषयगत क्षेत्रहरुमा संशोधन सहित पारित गरियो ।

निर्णय नं.३.

बेलका नगरपालिका राजश्व परामर्श समितिमा छलफल गरी सिफारिस भई आएको आर्थिक विधेयक, २०७९ नगर कार्यपालिका बैठकबाट स्वीकृत भई नगरसभामा पेशभए वमोजिम अनुसूची २ अनुरुप छलफल सहित पारित गर्ने ।

निर्णय नं.४.

बेलका नगरपालिकाको राजश्व परामर्श समितिले आँकलन गरेको अन्तरिक राजश्व, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको कुल राजश्व, बजेट बाँडफाँड र प्राथमिकताको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको कुल बजेटको बाँडफाँडलाई स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को अनुसूची-७ वमोजिमको ढाँचामा तयार गरिएको बेलका नगरपालिकाको विनियोजन विधेयक, २०७९ नगर कार्यपालिका बैठकबाट स्वीकृत भई नगर सभामा पेशभए वमोजिम अनुसूची ३ अनुरुप पारित गर्ने ।

निर्णय नं.५.

बेलका नगरपालिकाको निर्माण भएको मध्यमकालिन खर्च संरचना (MTEF) नगर कार्यपालिका बैठकबाट स्वीकृत भई सभामा पेश भए वमोजिम अनुसूची ४ अनुरुप स्वीकृत गर्ने ।

निर्णय नं.६.

बेलका नगरपालिकाको आर्थिक सूचकहरुको आधारमा गरिएको आर्थिक सर्वेक्षण, २०७९-०८० प्रतिवेदन नगर कार्यपालिका बैठकबाट स्वीकृत भई सभामा पेशभए वमोजिम अनुसूची ५ अनुरुप अनुमोदन गर्ने ।

निर्णय नं.७.

बेलका नगरपालिकाले प्राप्त गरेको संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को नतिजा तथा गुणस्तरको परिणामको अन्तिम प्राप्तांक ६२.२५ अनुमोदन गर्ने ।

निर्णय नं.८.

तपसिल वमोजिमको बेलका नगर सभा स्तरीय समितिहरु गठन गर्ने

क. लेखा समिति

५ नं. वडा अध्यक्ष श्री दिपकराज रेग्मी - संयोजक
सभा सदस्य श्री टेकबहादुर कार्की - सदस्य
सभा सदस्य श्री फाल्गुन कार्की - सदस्य
सभा सदस्य श्री कल्पना विश्वकर्मा - सदस्य

ख. विधायन समिति

९ नं. वडा अध्यक्ष श्री पदमबहादुर खड्का - संयोजक
सभा सदस्य श्री तलबमाया राई - सदस्य
सभा सदस्य श्री लिलाप्रसाद न्यौपाने - सदस्य
सभा सदस्य श्री कल्पना कटुवाल - सदस्य

ग. सुशासन समिति

४ नं. वडा अध्यक्ष श्री तिर्थराज अधिकारी - संयोजक
सभा सदस्य श्री सन्तोष थापा - सदस्य
सभा सदस्य श्री काजि तामाङ - सदस्य
सभा सदस्य श्री राममाया विश्वकर्मा - सदस्य

अशोक कार्की

निर्णय नं.९.

नगर सभाको आठौं र नवौं अधिवेशनबाट पारित संशोधित आर्थिक ऐन तथा विनियोजन ऐन बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट भए गरेका सम्पूर्ण आर्थिक कारोबार र क्रियाकलाप अनुमोदन गर्ने ।

निर्णय नं.१०.

क. बेलका नगरपालिकाको विभिन्न शाखा तथा विषयगत क्षेत्रमा क़रार सेवा, सेवा करार तथा दैनिक ज्यालादारीमा अनुसूची ६ बमोजिम बेलका नगरपालिका र अन्तरगत करार/ज्यालादारीमा कार्यरत जनशक्तिहरुलाई २०७९ साउन १ गते देखि ३ महिनाको लागि करार अवधि थप गर्ने/ज्यालादारीहरुलाई निरन्तरता दिने । सो पश्चात कार्य सम्पादन मुल्याकनको आधारमा नगर कार्यपालिकाले आवस्यक निर्णय लिने ।

ख. करार सेवा र सेवा करारको हकमा खाईपाई आएको न्युनतम पारिश्रमिकमा नेपाल सरकारले थप गरेको १५% रकम थप गरि पारिश्रमिक दिने र दैनिक जयालादरिको हकमा दक्ष, अर्धदक्ष र अदक्षको लागि निर्धारण भएको जिल्ला दररेट अनुरुप पारिश्रमिक भुक्तानी हुने गरि सर्वसम्मत निरन्तरता दिने ।

ग. नगर प्रमुखको सचिवालय र नगर उप-प्रमुखको सचिवालयमा निमनानुसार नगर प्रमुख र नगर उप-प्रमुखको तोक आदेश वमोजिम कर्मचारी व्यवस्थापन गर्ने ।

तपसिल:

| क्र.स. | नाम/थर | ठेगाना | पद | मासिक पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|---|
| १. | तिलक भुजेल | बेलका १ | सवारी चालक | २२०००।– | |
| २. | तिर्थ राई | बेलका १ | सहयोगी | १५०००।– | |
| ३. | रोशन कार्की | बेलका | ईलेक्ट्रिसियन | १५०००।– | |
| ४. | ललित राई | बेलका ४ | प्रेश सयोजक | ईन्धन यातायात सन्चार र खाजा खर्च गरि जम्मा १५०००।– | |
| ५. | ब्रम्हदेव चौधरी | | कानूनी सल्लाहकार | सेवा करार सम्झौता बमोजिम | |

घ. बेलका नगरपालिका वडा न १ मा निर्माण भईरहेको कोल्ड स्टोरको लागि स्थानीय २ जना हेरालु ज्यालादारीमा व्यवस्थापन गर्ने ।

ङ. नगर उप-प्रमुखको सहयोगी उप प्रमुखको तोक आदेश वमोजिम कर्मचारी व्यवस्थापन गर्ने ।

निर्णय नं.११.

नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको आ.व. २०७९/०८० का लागि नेपाल सरकारले तोके वमोजिमको १५% तलव वृद्धि सहित सेवा सुविधा पाउने गरी तलवी प्रतिवेदन, महंगी भत्ता, ग्रेड, समायोजन ग्रेड सहितको संलग्न अनुसूची ७ वमोजिमको तलबी प्रतिवेदन पारित गर्ने ।

निर्णय नं.१२.

बेलका नगरपालिकामा आ.व. २०७८/०७९ मा कार्यालयबाट भएको विभिन्न आयोजनाहरुको सम्झौता अनुमोदन गर्ने ।

अशोक कार्की
नगर प्रमुख

निर्णय नं.१३.

बेलका नगरपालिकामा आ.व. २०७८/०७९ मा सञ्चालित विभिन्न ठेक्काहरुको म्याद सकिएको हुँदा, निर्माण कम्पनिद्वारा म्याद थपको लागि निवेदन भएकोले योजनाहरुको सार्वजनिक खरिद ऐन, २०६३ को १२ औं संशोधन बमोजिमको म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत म्याद थप गर्ने/गराउने र म्याद थप भई सकेका योजनाहरुलाई अनुमोदन गर्ने ।

निर्णय नं.१४.

बेलका नगरपालिकाको आ.व. २०७९/०८० का लागि अनुसूची ८ बमोजिमको वार्षिक खरिद योजना स्वीकृत गर्ने

निर्णय नं.१५.

बेलका नगरपालिका अन्तर्गत संचालित सर्पदंश उपचार केन्द्र, महिला सुरक्षावास, आयुर्वेद औषधालय र आँखा उपचार केन्द्रलाई निरन्तरता दिने |

निर्णय नं.१६.

साविक रामपुर स्वास्थ्य चौकी हाल बेलका नगर अस्पतालमा कार्यरत ल्याब टेक्निसियन सहायक चौथो मनोज कुमार यादवको पदस्थापनको हकमा सम्पूर्ण प्रक्रिया बमोजिम स्थायी भएको देखिएको हुँदा निजलाई नगर कार्यपालिकाको स्वास्थ्य शाखामा समायोजन गरी पदस्थापन गरी स्थायी भएको पदको सेवा सुबिधा तथा क.सं. कोष र बिमा कोषमा २०७९ श्रावण महिना देखिको सुबिधा उपलब्ध गराउने |

निर्णय नं.१७.

तपसिल बमोजिमको विषयहरुको सम्बन्धमा नगर सभा स्तरीय समितिले आवश्यकता, औचित्यता, स्थायित्वता, दिर्घकालिन क्षमता र श्रोत व्यवस्थापनका आधारमा प्रतिवेदन प्राप्त भए पश्चात आवश्यक निर्णय नगर कार्यपालिकाले लिने ।

क. बेलका नागरिक यातायात लिमिटेड सम्बन्धमा |

ख. बेलका नगरको बस पार्क निर्माणको लागि नगर विकास कोषसँगको ऋण सहयोग सम्बन्धमा |

ग. फोहोर मैला व्यवस्थापन तथा उद्यान केन्द्र निर्माण/ संचालन सम्बन्धमा |

निर्णय नं.१८.

बेलका नगरपालिका क्षेत्र भित्रको ढुंगा, गिट्टी, वालुवा संकलन, उत्खनन, विक्री ठेक्का व्यवस्थापन सम्बन्धमा नगर कार्यपालिकाले कानून बमोजिम आवश्यक निर्णय लिने |

निर्णय नं.१९.

बेलका नगरपालिकाको नगर सभाको दशौं अधिवेशनबाट स्वीकृत विनियोजन ऐन, २०७९ ले घाटा बजेटको रुपमा तय गरेका योजनाहरुका हकमा श्रोत सुनिस्चितता भएमा सोहि आर्थिक वर्षमा भुक्तानी हुने गरी सम्झौता गर्ने श्रोत सुनिस्चितता नभएमा सम्झौता पत्रमै आगामी आ.व. मा भुक्तानी सार्ने गरी सम्झौता गर्ने र कार्यक्रम संचालन गर्ने |

निर्णय नं.२०.

बेलका नगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत नीति तथा कार्यक्रममा राखिएको वार्षिक कार्य संचालन पात्रो सबै शाखा तथा वडाहरुबाट अनिवार्य रुपमा कार्यान्वयनमा ल्याउने |

...कार्की

निर्णय नं.२१.

आ.व. २०७९/०८० का लागि नगर सभाको दशौं अधिवेशनबाट स्वीकृत भएको आर्थिक ऐन, २०७९ र विनियोजन ऐन, २०७९ मा उल्लेख भएका बजेट नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बेलका नगर प्रमुखलाई आख्तियारी प्रदान गर्ने ।

निर्णय नं.२२.

स्थानीय सरकार संचालन ऐन, २०७४ (सं.स.) को दफा ७३(१) वमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्ने व्यवस्थालाई कार्यान्वयन गर्ने र प्रमुख प्रशासकीय अधिकृतले सोहि ऐनको दफा ७३(२) वमोजिम अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.२३.

आ.व. २०७९/०८० का लागि नगर सभाको दशौं अधिवेशनबाट स्वीकृत भएको विनियोजित योजना तथा कार्यक्रमको ठेक्का व्यवस्थापन, उपभोक्ता समिति गठन तथा कार्यक्रमको स्वीकृति २०७९ कार्तिक मसान्त भित्र सम्पन्न गरी सक्नु पर्ने छ । यदि सो अवधिमा सम्झौता सम्पन्न नभएमा नगर कार्यपालिकाको सहमति लिई २०७९ मंसिर मसान्त भित्रमा सम्पन्न सम्झौता सम्पन्न गरी सक्नु पर्ने छ ।

निर्णय नं.२४.

कार्यालयको काम कारवाही छिटो छारितो र प्रविधि मैत्री बनाउन आवश्यक पर्ने सफ्टवेयरहरु राखे ।

निर्णय नं.२५.

आ.व. २०७८/०७९ मा बेलका नगरपालिकासँग साझेदारी गरी विकास कार्यमा सहभागी हुने कार्यक्रम सहयोग इकाई (PSU) सदस्यहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि परस्पर सहयोगका लागि अनुरोध गर्ने ।

निर्णय नं.२६.

बेलका नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम हरेक चौमासिक समाप्ति पश्चातको १५ दिन भित्रमा सम्पन्न गर्ने

निर्णय नं.२७.

बेलका नगरपालिका मार्फत संचालित योजना तथा कार्यक्रमहरु मध्ये पुँजीगत तर्फका आयोजनाहरुमा कन्टिनजेंसी बापत ३ % रकम र मर्मत सम्भार कोष बापत १ % रकम कट्टा गरी भुक्तानी दिने साथै उपभोक्ता समित मार्फत संचालित योजनाहरुको हकमा २०% लगत सहभागिता गर्ने ।

निर्णय नं.२८.

क. बेलका नगरपालिका वडा नं. १ रहेको तपेश्वरी स्वास्थ्य चौकीको आफ्नो स्वास्थ्य भवन जिर्ण रहेको र सेवा संचालन गर्न कठिनाई भएको हुँदा, मापदण्ड अनुसारको स्वास्थ्य चौकी भवन निर्माण गर्नका लागि सम्बन्धित निकायमा भवन निर्माण गरिदिन अनुरोध गर्ने ।

ख. बेलका नगरपालिका वडा नं. ६ मा रहेको बवला स्वास्थ्य चौकीको आफ्नो स्वास्थ्य भवन जिर्ण रहेको र नियमित स्वास्थ्य सेवा संचालन गर्न कठिनाई भएको हुँदा, मापदण्ड अनुसारको स्वास्थ्य चौकी भवन निर्माण गर्नका लागि सम्वन्धित निकायमा भवन निर्माण गरिदिन अनुरोध गर्ने ।

निर्णय नं.२९.

बेलका नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई दिइदै आएको सेवा सुविधाको हकमा श्रेणीगत/ तहगत तलबमान र सुविधा नेपाल सरकारले निर्धारण गरे वमोजिम र अन्य सेवा सुविधा साविक वमोजिम निरन्तरता दिने ।

निर्णय नं.३०.

बेलका नगर कार्यपालिका/ नगरसभा सदस्यहरुका लागि कानून वमोजिम प्रदान गर्नु पर्ने सेवा सुविधा उपलब्ध गराउने ।

निर्णय नं.३१.

स्थानीय तहमा कार्यरत स्थायी तथा अस्थायी/ करार कर्मचारीहरुको हितलाई मध्येनजर गरी निजहरुले सेवानिवृत हुँदा पाउने उपदान, औषधि उपचार खर्च, संचित बिदा लगायत अन्य सुविधा उपलब्ध गराउने आवश्यक बजेटको व्यवस्थापन गरी कर्मचारी कल्याण कोषमा रकम जम्मा गर्ने ।

निर्णय नं.३२.

स्थानीय तहमा स्थायी नियुक्ति भई आएका निवृतिभरण नपाउने कार्मचारीहरुको हकमा ऐनमा भएको व्यवस्था भए बमोजिम कोषमा रकम जम्मा गर्न लगाई नगरपालिकाको तर्फबाट समेत थप रकम दिने व्यवस्थालाई निरन्तरता दिने

निर्णय नं.३३.

विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन तथा विभिन्न कार्यक्रममा सहभागितामा जन नगरमा रहेको सवारी साधन अभाव रहेको हुँदा प्रमुख प्रशासकीय अधिकृतले सवारी भाडामा लिन सक्ने ।

निर्णय नं.३४.

सप्तकोशी नदीबाट हुन सक्ने कटान र डुबानका कारण हुन सक्ने जनधनको क्षतिलाई रोक्न तथा न्यूनीकरण गर्न नेपाल सरकारसँग अनुरोध गर्ने ।

निर्णय नं.३५.

बेलका नगरपालिकामा दमकल नभएकोले प्रदेश नं. १ को अन्तरिक मामिला तथा कानून मन्त्रालयमा दमकल माग गर्ने ।

निर्णय नं.३६.

बेलका नगरमा रहेका विभिन्न सडकहरु अतिक्रमण भई सडक सुशासन नै असहज भएकाले वडाहरुले सूचना प्रकाशीत गरी सडक सिमा क्षेत्रको जग्गा खाली गराउने ।

निर्णय नं.३७.

बेलका नगरपालिकामा योजनाहरु प्रभावाकारी रुपमा संचालन तथा निर्माण गर्नका निमित्त एक योजना बैंक बनाई योजनाहरु कार्यान्वयनमा ल्याउन साझेदारी निकायहरुसँग समन्वय गर्ने ।

निर्णय नं.३८.

बेलका नगरपालिका क्षेत्र भित्र एक वटा मात्र बाणिज्य बैंक (कुमारी बैंक) रहेकोले कार्य बोझको अवस्थालाई मध्यनजर गर्दै अन्य वाणिज्य बैंक स्थापनाका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने ।

निर्णय नं.३९.

नगर अस्पतालमा कार्यरत स्वास्थ्य कर्मी र कर्मचारीहरुलाई नगर अस्पतालको कोषबाट नै पारिश्रमिक लगायतका सेवा सुविधा उपलब्ध गराउने ।

निर्णय नं.४०.

बेलका नगरपालिकामा कार्यरत नगर प्रहरीहरुलाई रासन खर्च वापत मासिक रकम रु.३०००|- मात्र जनही उपलब्ध गराउने ।

अशोक कार्की
नगर प्रमुख

निर्णय नं.४१.

बेलका नगरपालिका वडा नं. ४ को वडा समितिको २०७८/११/३० गतेको निर्णय भई सिफारिस भए अनुरुप योजनाको रकमान्तर तथा योजनान्तर अनुमोदन गर्ने र भुक्तानीका लागि सिफारिस गर्ने ।

निर्णय नं.४२.

बेलका नगरपालिका क्षेत्र विपदबाट अत्यन्त जोखिम क्षेत्र रहेको र अधिकांश क्षेत्रमा बर्खायामको समयमा बाढीबाट प्रभावित हुने, पहिरो जाने, सडकहरु बिग्रने हुने हुँदा वडाबाट आगामी आर्थिक वर्ष २०७९/०८० का लागि कार्यक्रम निर्माण गर्दा विपद शीर्षकमा रकम रु. ५,००,०००| सम्म विनियोजन गरी कार्यक्रम निर्माण गर्ने ।

निर्णय नं.४३.

बेलका नगरपालिकामा कार्यरत राष्ट्रसेवक कार्मचारीहरुलाई निजहरुको कार्यक्षमता कार्यदक्षता र औचित्यताका आधारमा थप प्रोत्साहित गर्न मौद्रिक तथा गैरमौद्रिक सेवा सुविधाहरुं नगर प्रमुखले तोक्न सक्ने र यसरी गरिएको निर्णय अनुमोदन गराउने पर्ने ।

निर्णय नं.४४.

बेलका नगरपालिकालाई वन क्षेत्रबाट प्राप्त हुने रोयल्टी रकम मध्ये वन वातावरणका लागि विनियोजित भएको रकम डिभिजन वन कार्यालयसँग समन्वय गरी वन क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्ने ।

निर्णय नं.४५.

बेलका नगरपालिकामा रहेका नदि तथा खोलाबाट नदिजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्रीका लागि ठेक्का व्यवस्थापन गर्दा वनक्षेत्र छुट्याएर बाँकी रहेको क्षेत्रको मात्र ठेक्का व्यवस्थापनका लागि सूचना प्रकाशन गर्ने ।

निर्णय नं.४६.

नगरपालिकाको सामाजिक विकास शाखालाई हाल अधिकृत स्तरको कार्मचारिको अभावको कारणले उपशाखा कायम गरी प्रशासन अनुगमन तथा योजना शाखा मातहतमा राखी संचालन गर्ने । साथै बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन संचालनमा खाद्य सुरक्षा निर्देशक समितिबाट सम्पूर्ण कार्यक्रमको खाका तयार तथा अनुमोदन भए पश्चात प्रशासन अनुगमन तथा योजना शाखाको समन्वय र सहकार्यमा सम्बन्धित सबै शाखाहरुसँग समन्वय गरी कार्यक्रम संचालन गर्ने ।

निर्णय नं.४७.

बेलका नगरपालिकामा स्वीकृत कार्यक्रम अन्तर्गत साझेदार संस्थाहरुद्वारा साझेदारीमा कार्यक्रम संचालन गर्दा सामाजिक विकास समितिबाट सम्पूर्ण योजना तथा कार्यक्रमको प्रस्तावना अनुमोदन, अनुगमन र मुल्यांकन प्रतिवेदन, खर्च विवरणको अनुमोदन गराएरमा अन्तिम फरफारक भुक्तानी हुने ।

निर्णय नं.४८.

बेलका नगरपालिकामा विगतमा ठेक्का व्यवस्थापन भइ निर्माण भएका तथा भविष्यमा निर्माण हुने भवन तथा संरचनाहरु निर्माण व्यवसायीले त्रुटी सच्याउने समय अवधि भित्र, त्रुटी सच्याउनका लागि कार्यालयबाट पत्राचार हुँदा, कार्यालयको सम्बन्धित नक्सामा सम्बन्धित व्यवसायीले धरौटी वापत राखेको रकमबाट कट्टा गरी प्राविधिक नाँपजाँच र इस्टिमेट बमोजिमको निर्माण कार्य गर्ने गराउने ।

निर्णय नं.४९.

बेलका नगरपालिकामा जेष्ठ नागरिकहरुका दिर्घकालिन रोगहरुको सन्दर्भमा तथ्यांक संकलन गरी अभिलेख तयार गर्ने र रोगहरुको निदानका लागि विभिन्न अस्पतालहरुसँग सहयोग तथा समन्वयन गरी शिविरहरु संचालन गर्ने ।

कार्की

निर्णय नं.५०.

दुर्घटना, काबुबाहिरको परिस्थिति तथा विपदजन्य परिस्थितिमा बाहेक बेलका नगरपालिकाबाट प्रसुतीका लागि, जेष्ठ नागरिकका लागि र अपाङ्गता भएका व्यक्तिका लागि अन्यत्र लैजानु पर्दा बेलका नगर अस्पतालको प्रेसक्रिप्सन पत्र भएमा मात्र एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराउने ।

निर्णय नं.५१.

बेलका नगरपालिकाको विषयगत समिति संचालन कार्यविधि २०७९, पारित गर्ने ।

निर्णय नं.५२.

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७ वमोजिम बेलका नगरपालिकाको आर्थिक कारोबारहरु संचालन गर्ने ।

निर्णय नं.५३.

बेलका नगरपालिकाको स्वीकृत दरवन्दी वमोजिम रिक्त रहेका पदहरुमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगसँग माग गर्ने ।

निर्णय नं.५४.

- क. वडा स्तरीय योजना तथा कार्यक्रमहरु संचालन पश्चात भुक्तानी सिफारिस गर्दा योजनाहरुको स्पष्ट किटानी सहित योजना अनुगमन प्रतिवेदन, सम्झौता, म्याद थप पत्र, खर्च विवरण लगायतका आवश्यक कागजात सहित वडा समिति मार्फत अनुमोदन गरी भुक्तानी सिफारिस गर्नु पर्ने छ ।
- ख. नगर स्तरीय अनुगमन समितिको संयोजकले सबै योजनाहरुको सामान्यतय कम्तिमा एक पटक अनुगमन गरीए पश्चात मात्र भुक्तानीको व्यवस्था मिलाइने छ । साथै त्यसरी अनुगमन गरिएका योजनाहरुको अनुगमन प्रतिवेदन नगर सभाको अधिवेशनमा पेश गर्नु पर्ने छ ।

निर्णय नं.५५.

नगरपालिकाको तर्फबाट संवैधानिक आयोग, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय तथा संघ/संस्थासँग साझेदारीमा कार्यक्रममा सहभागिता, नगरपालिका पक्ष भइ गरिने सम्झौतामा सम्झौता गर्न र आवश्यकता अनुसार अन्य कार्य गर्न नगर प्रमुखलाई अख्तियारी दिने ।

निर्णय नं.५६.

गलत विवरण, लिखत, तयार गरी/गराई सो कार्यको अनुगमन, भुक्तानी सिफारिस भएका प्रचलित कानूनवमोजिम कारवाहीको प्रक्रियामा गएका वा जवाफ दिनु परेमा सो कार्यमा संलगन/जानकार कर्मचारी शाखा प्रमुख र अनुगमन सिफारिस तथा प्रमाणित गर्ने सम्वन्धित व्यक्तिले उक्त कार्यको सम्पूर्ण जिम्मेवारी लिनु पर्ने ।

निर्णय नं.५७.

बेलका नगरपालिकाका स्वीकृत योजना कार्यक्रम बाहेकका नेपाल सरकार, प्रदेश सरकार र अन्य संघ/संस्था निकायबाट नगरपालिकामा संचालन भएका कार्यक्रमहरु अनुगमन गर्दा सरोकार पक्षलाई समेत जानकारी दिने ।

निर्णय नं.५८.

बेलका नगरपालिकामा हाल आ.ले.प. गर्ने कार्मचारी नभएकाले कोष तथा लेखा नियन्त्रक कार्यालय उदयपुरलाई अनुरोध गर्ने ।

निर्णय नं.५९.

नगरपालिकामा रहेका/ स्वामित्व भित्रका सबै २ पांग्रे र ४ पांग्रे सवारी साधन भारी निर्माण सामग्रीहरुको नवीकरण/ विमा गर्ने ।

...क कार्की

निर्णय नं.६०.

नगरपालिकाको साविकको शववाहन प्रयोग गर्न नमिल्ने अवस्थाको भएकाले १ थान शववाहन खरिद गर्न आवश्यक पर्ने रकम रु. १२ लाख बमोजिमको श्रोत जुटाउने र सम्बन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय नं.६१.

बैलका नगरपालिकाको प्राविधिक शाखा, योजना शाखा, प्रशासन शाखा लगायतका शाखामा अतिरिक्त समय समेत काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन स्वरूप खाईपाई आएको तलबमानको अतिरिक्त ३०% सम्म मौद्रिक प्रोत्साहन उपलब्ध गराउने ।

निर्णय नं.६२.

बैलका नगरपालिकामा सहायक तेश्रो तहमा कार्यरत श्री उमेश कटुवाललाई नियमानुसार पेश्की बेरुजु फरफारक भए पश्चात संघीय निजामति सेवा ऐनले निर्धारण गरे बमोजिम प्रमाणित संचित घर बिदा, बिरामी बिदा, औषधि उपचार खर्च र उपदान रकम उपलब्ध गराउने ।

निर्णय नं.६३.

बैलका नगरपालिका वडा नं. ५ मा आ.व. २०७५/०७६ म तिन स्थानमा खानेपानी र सिंचाई प्रयोजनका लागि गाडिएको डीप बोरिङको भुक्तानी विविध कारणले हुन नसकेको हुँदा, आ.व. २०७९/०८० को योजना कार्यक्रमको भुक्तानी बाँकी शीर्षकमा रकम विनियोजन गरी कार्यक्रम राखे ।

निर्णय नं.६४.

बैलका नगरपालिकाको वडा नं. ६ मा १० शैयाको आधारभूत अस्पताल निर्माण गर्नकालागि प्रस्ताव गरिएको स्थानको जग्गा प्राप्ति प्रक्रिया हालसम्म पुरा नभएकाले जग्गा प्राप्ति कार्यलाई यथासिघ्र गरि योजनाको निर्माण ठेक्का सम्झौता समेत कार्यान्वयन गर्ने ।

निर्णय नं.६५.

बैलका नगरपालिकामा रहेका गाडीहरु मर्मत गर्दा हाल मेकानिकल इन्जिनियर नभएका कारणले कार्यालयमा कार्यरत सब-इन्जिनियर उपेन्द्र थापाले मर्मत आदेशमा सिफारिस गरेको सम्बन्धित ड्राइभरले माग गरे बमोजिमको मोटरसाइकल र सबै खाले सवारी साधन मर्मत गरेको भुक्तानी अनुमोदन गर्ने ।

निर्णय नं.६६.

बैलका नगरपालिकामा आ.व. २०७८/०७९ मा कार्यरत कर्मचारीहरुको तलब भत्ता, करार कर्मचारीको पारिश्रमिक, सेवा करारको भुक्तानी र दैनिक ज्यालादारीको तलब, भत्ता, पारिश्रमिक तथा सेवा सुविधा वापतको रकम भुक्तानी अनुमोदन गर्ने ।

निर्णय नं.६७.

बैलका नगरपालिकामा आ.व.२०७८/०७९ मा सम्झौता भई कार्य सम्पन्न भएका, कार्य हुदै गरेका तथा थालनी भएका अनुसूची ९ बमोजिमका योजना तथा कार्यक्रमहरु घाटा बजेट मार्फत भएकाले श्रोतमा बजेट व्यवस्थापन नभएको हुँदा भुक्तानी दिन नसकिएकाले आ.व. २०७९/०८० को योजना तथा कार्यक्रममा भूक्तानी बाँकी शीर्षक अन्तर्गत राखिएको विवरण प्रमाणित गर्ने ।

निर्णय नं.६८.

अनुसूची १० बमोजिमका भुक्तानी दिन बाँकी विवरण अनुसारको रकम आगामी आ.व.२०७९/०८० मा जिम्मेवारी सारी प्रथम प्राथमिकता क्रममा राखेर भुक्तानी दिने ।

अशोक कार्की
प्रमुख

निर्णय नं.२९

लेखा समितिबाट सिफारिस भई नगर सभाको दशौं अधिवेशनमा पेश भएको अनुसूची ११ मा उल्लिखित पेश्की फछ्र्यौट नियमित गर्नु पर्ने, असुल उपर गर्नु पर्ने प्रकृतिको बेरुजु फछर्यौट संपरीक्षणका लागि आगामी आ.व.मा [illegible] पेश गर्ने प्रयोजनका लागि पेश भएको बेरुजु प्रस्ताव वमोजिम सर्वसम्मत पारित गरियो |

निर्णय नं.३०

बेलका नगरपालिकामा संघीय सरकार, प्रदेश सरकार र विभिन्न संघ/ संस्थाहरुसंग सहकार्य गरी गरिने साझेदारी योजना तथा कार्यक्रमहरु आ.व. २०७९/०८० को विनियोजन ऐनमा शीर्षकगत बजेट व्यवस्था भए वमोजिम साझेदारी गरी योजना/ कार्यक्रमहरु संचालन गर्ने |

निर्णय नं.३१

बेलका नगरपालिकामा नागरिक वडापत्र समय सापेक्ष अद्यावधिक गरी लागु गर्ने |

निर्णय नं.३२

बेलका नगरपालिकामा क्षेत्रमा रहेका बजारहरु नगर स्तरीय बजार अनुगमन समितिद्वारा वर्षमा कम्तिमा ४ पटक (प्रत्येक चैमासिकमा १ पटक) अनुगमन गर्ने र वडाबाट वडा अध्यक्षको संयोजकत्वमा अनुगमन गर्ने |

निर्णय नं.३३

नगरपालिकामा पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गर्नका लागि समय सापेक्ष विभिन्न प्रकारका क्षमता विकास तालिम, अनुशिक्षण, अवलोकन भ्रमण लगायतका कार्यक्रमहरु संचालन गर्ने |

निर्णय नं.३४

बेलका नगरपालिकामा विभिन्न योजनाहरु संचालन गर्न र सम्बन्धित निकायमा निर्माणका कार्य गरिदिन तथा श्रोत व्यवस्थापन गर्न माग गर्नु पर्ने भएकाले आवश्यकता वमोजिमका योजनाहरुको DPR, Master Plan, सम्भाव्यता अध्ययन गर्ने | सबै सम्बद्ध निकायहरुसँग सहयोगका लागि अनुरोध गर्ने |

निर्णय नं.३५

इन्धन व्यवस्थापन

क. नगर प्रमुखज्यूको सवारी साधनमा आवश्यकता अनुसार नगर प्रमुखज्यूले कुपन जारि गरी इन्धन उपलब्ध गराई सवारी चालकले प्रमाणित लगबुक पेश गर्नु पर्ने | उल्लेखित सवारी साधनहरु मर्मत सम्भार गर्दा आवश्यकता अनुसार मर्मत आदेश नगर प्रमुखज्यूबाट नै जारी हुने र मर्मत गरिने |

ख. नगर उप-प्रमुखज्यूको सवारी साधनमा आवश्यकता अनुसार नगर उप-प्रमुखज्यूको कुपन जारि गरी इन्धन इन्धन उपलब्ध गराई सवारी चालकले प्रमाणित लगबुक पेश गर्नु पर्ने | उल्लेखित सवारी साधनहरु मर्मत सम्भार गर्दा आवश्यकता अनुसार मर्मत आदेश नगर उप-प्रमुखज्यूबाट नै जारी हुने र मर्मत गरिने |

ग. प्रमुख प्रशासकीय अधिकृतको सवारी साधनमा आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा इन्धन उपलब्ध गराई सवारी चालकले प्रमाणित लगबुक पेश गर्नु पर्ने |

घ. नगरपालिकाको सवारी साधन प्रयोग गर्ने अधिकृतस्तरको कर्मचारीको हकमा मासिक १० लि. इन्धन उपलब्ध गराउने |

ङ. निजि सवारी साधन नगरपालिकाको कार्यमा प्रयोग गर्ने अधिकृतस्तरको कर्मचारीलाई मासिक १० लि. र सहायक स्तरको कर्मचारीलाई मासिक ८ लि. इन्धन उपलब्ध गराउने |

च. प्राविधिक कर्मचारीहरुको हकमा शाखा प्रमुखको हकमा मासिक १५ लि. र निजको सिफारिसमा सहायक कर्मचारीलाई बढीमा १५ लि. इन्धन उपलब्ध गराउने |

अशोक कार्की

छ. विभिन्न सवारी साधनको हकमा काम, कार्यबोझ र औचित्यको आधारमा प्रमुख प्रशासकीय अधिकृतले कारण खुलाई मासिक १० लि. इन्धन उपलब्ध गराउन सक्ने ।

ज. निजि सवारी साधन प्रयोग गर्ने कार्मचारीको सवारी साधन कार्यालयको कामको सिलसिलामा बिग्रिएर मर्मत गर्नु पर्दा प्रमुख प्रशासकीय अधिकृतले रु. ५ हजारसम्म मुल्यांकन वमोजिम वर्षमा १ पटक भुक्तानी दिन सक्नेछ ।

झ. एम्बुलेन्स, पानि ट्यांकर तथा शववाहनमा आवश्यकता अनुसार इन्धन उपलब्ध गराउने तथा सो को लगबुक हरेक चालकले मासिक रुपमा पेश गर्नु पर्ने छ ।

ञ. निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने एम्बुलेन्सको हकमा सिफारिस कर्ता नगर प्रमुख, नगर उपप्रमुख वडा अध्यक्षको सिफारिस तथा स्वीकृतिका आधारमा इन्धन उपलब्ध गराउने तथा सो को लगबुक हरेक चालकले मासिक रुपमा पेश गर्नु पर्ने छ ।

ट. कृषिजन्य यन्त्र उपकरण (ट्राक्टर लगायत अन्य) मा सम्बन्धित शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति दिने ।

ठ. सुरक्षा निकायको हकमा नगर प्रमुख स्तरीय निर्णय वमोजिम गर्ने ।

ड. अन्य उल्लेख नभएकाको हकमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुखको स्वीकृति लिई आवश्यकता अनुसार गर्ने ।

ढ. सवारी चालक अनुमतिपत्र प्राप्त कर्मचारीहरुलाई मात्र तोकिए वमोजिम सवारी साधन र इन्धन उपलब्ध गराइने छ ।

<u>निर्णय नं ३६.</u>

यस नगरपालिकाको स्वामित्वमा रहेका भारी निर्माण सामग्रीहरु (व्याक हो लोडर-१, स्काभेटर-१) प्रयोग गर्दा निम्नानुसार गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. योजना तर्फ- लागत अनुमान, कार्य स्वीकार प्रतिवेदन तथा नापी कितावमा समेत उक्त साधन प्रयोग भएको अभिलेख देखाई सम्वन्धित योजना भुक्तानी दिएका वखत नै तोकिएको रकम कट्टा गर्ने तथा सो कार्यको आदेश प्रमुख प्रशासकीय अधिकृत वा योजना अधिकृतले गर्ने ।

ख. मर्मत सम्भार- तत्काल मर्मत सम्भार कार्य आवश्यक भई स्वीकृत योजना तथा कार्यक्रम भित्र नपरेको अवस्थामा वडा समितिको वैठकवाट माग गर्ने निर्णय गरी नगर प्रमुखज्यूबाट मौखिक/लिकित स्वीकृत लिई उक्त कामको वडा प्राविधिकबाट लागत अनुमान तयार गर्न लगाई नगरपालिकाको अभिलेख अद्यावधिक गर्ने । सो कार्यमा लाग्ने इन्धन सवारी चालकले प्रोत्साहन खर्च सम्वन्धित वडा कार्यालयले व्यवस्थापन गर्ने ।

ग. विपद व्यवस्थापन- विपद व्यवस्थापनमा प्रयोग गर्नुपर्दा नगर प्रमुख, उप-प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी सम्वन्धित वडा अध्यक्षले विपद व्यवस्थापनको कार्यमा लगाउन सकिनेछ । विपदजन्य स्थानको फोटो, मर्मत सम्भार पछिको फोटो, प्राविधिक प्रतिवेदन, वडाको सिफारिस र विपद व्यवस्थापन समितिको निर्णय सहित भए गरेको कामको प्रतिवेदन गरपालिकामा अद्यावाधिक गराउनुपर्नेछ ।

घ. स्वीकृत योजना कार्यक्रम तर्फ- स्वीकृत योजना कार्यक्रम तर्फ निर्माण कार्यमा सशुल्क प्रयोग गर्नुपर्दा वडा कार्यालयबाट पत्र मार्फत योजनाको विवरण खुलाई लागत इस्टिमेट समेत संलगन राखी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्ने र भुक्तानी सिफारिस गर्दा वडा कार्यालयबाट सो व्यहोरा उल्लेख गरी सिफारिस गर्ने ।

ङ. भारी निर्माण सवारी चालकले हरेक महिना काम गरेको स्थान, योजना र कार्य अवधि समेत खुल्ने लगवुक तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरे पछि मात्र पारिशामिक भुक्तानी दिने ।

च. हेभी इक्युपमेन्टको प्रयोग उपभोक्ता समितिले इन्धन सहितको हेभी इक्युपमेन्टको लागि वडाको सिफारिस सहित अनुरोध भई आई सो को स्वीकृत भएमा सोहि योजनाबाट कट्टा गर्ने व्यवस्था गराउने ।

निर्णय नं. ३७

बेलका नगरपालिकाको नगर सभाको दशौं अधिवेशनबाट विनियोजित योजना तथा कार्यक्रमहरुको ठेक्का व्यवस्थापन, उपभोक्ता समिति गठन तथा कार्यक्रमको स्वीकृत अनिवार्यरुपमा २०७९ मंसिर मसान्तभित्र गरिसक्नु पर्ने तथा दुई लाखभन्दा माथिका योजना तथा कार्यक्रमको सूचनापाटी योजना/कार्यक्रम स्थलमा अनिवार्य राख्ने व्यवस्था गर्ने ।

निर्णय नं. ३८

तपसिल बमोजिमका योजनाहरु नगर गौरवका योजना कायम गर्ने ।

क. बेलका [illegible] निर्माण

ख. [illegible] मंगलपुर रामपुर कालोपत्रे निर्माण

ग. [illegible] निर्माण

घ. [illegible] खोला नियन्त्रण

ङ. [illegible] खोला नियन्त्रण

च. बेलका नगरपालिका ३ को सुनखानीक्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने ।

छ. बेलका ८ को कोशी आसपासको क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गर्ने ।

ज. लाल बजार घोरेघाट वाटो निर्माण तथा स्तरोन्नती गर्ने ।

झ. [illegible]देवी पर्यटकीय स्थल निर्माण गर्ने ।

ञ. बेलका वाटीकालाई पर्यटकीय स्थलको रुपमा विकास गर्ने ।

ट. भुनिया दह पर्यटकीय स्थल ।

ठ. मैना राजा मैना रानी ।

ड. सोमवारे मायुंटार भोजपुर सडक ।

निर्णय नं. ३९.

बेलका नगरपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार, सम्वर्धन, विस्तार र विकास गर्न बेलका नगरपालिकालाई सुझाव, सल्लाह र सहयोग गर्न तपसिल बमोजिमको पर्यटन विकास समिति गठन गर्ने ।

श्री शिव थापा — अध्यक्ष

श्री शालिग्राम खड्का- उपाध्यक्ष

श्री ऋषि घिमिरे — सचिव

श्री दिना राई- कोषाध्यक्ष

श्री [illegible] माया राई — सदस्य

श्री [illegible]बहादुर बस्नेत - सदस्य

श्री कल्पना राई — सदस्य

श्री जुना खड्का — सदस्य

श्री मदन निरौला — सदस्य

श्री मिना खतिवडा — सदस्य

श्री [illegible]कुमार राई — सदस्य

श्री तिलक मगर — सदस्य
श्री ओमकुमार कट्टेल — सदस्य
श्री जगबहादुर सापकोटा — सदस्य
श्री टंक फुयाल — सदस्य

निर्णय नं.८०.

बेलका नगरपालिका भित्र खेलकुद क्षेत्रहरुको सम्वर्धन, विस्तार र विकास गर्न बेलका नगरपालिकालाई सुझाव, सल्लाह र सहयोग गर्न तपसिल बमोजिमको खेलकुद विकास समिति गठन गर्ने ।

श्री गोपीलाल राई- अध्यक्ष
श्री अर्जुन राई — उपध्यक्ष
श्री दिपेन राना — सचिब
श्री आश्विन राई — सहसचिब
श्री सुशान्त राई — कोषाध्यक्ष
श्री रामकुमार चौधरी — सदस्य
श्री नाथुराम राई — सदस्य
श्री प्रज्वल साह — सदस्य
श्री पुष्पराज तिम्सिना — सदस्य
श्री तारानाथ मगर — सदस्य
श्री विजय राई — सदस्य
श्री मणिकुमार राई — सदस्य
श्री निश्चल राई — सदस्य
श्री सनवीर राई — सदस्य
श्री रोमन खडका — सदस्य
श्री चन्द्र नारायण चौधरी — सदस्य
श्री नरेश विष्ट — सदस्य
श्री नबिन राई — सदस्य
श्री कमल खड्का — सदस्य
श्री अर्जुन माझि — सदस्य

निर्णय नं.८१.

नगर सभाको दशौं अधिवेशनको बैठकको क्रमसंख्या १ देखि ८० सम्मको निर्णयहरु सर्वसम्मत पारित गरियो ।

निर्णय नं.८२.

नगर सभाको दशौं अधिवेशनको बैठकको क्रमसंख्या १ देखि ११ सम्मको अनुसूचीहरु सर्वसम्मत पारित गरियो ।

अशोक कार्की

# बेलका नगरपालिका रामपुर, उदयपुर

श्री प्रमुख प्रशासकीय अधिकृत,

नगर कार्यपालिकाको एक्काइसौं बैठकको निर्णयानुसार मिति २०७९/०३/१० गते दिनको ठीक ११:०० बजे बेलका नगरपालिका, नगरसभाको दशौं अधिवेशन सूचना आह्वान गर्नुहुन।

१. कार्यपालिकाको आ.व. २०७८/०७९, श्रावण १ गते देखि असार ०९ गतेसम्म (बैठक संख्या १ देखि २१) बसेका बैठकका निर्णयहरु अनुमोदन सम्वन्धमा।
२. बेलका नगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा |
३. बेलका नगरपालिकाको आर्थिक विधेयक, २०७९ पारित गर्ने सम्वन्धमा।
४. बेलका नगरपालिकाको विनियोजन विधेयक, २०७९ पारित गर्ने सम्वन्धमा।
५. बेलका नगरपालिकाको मध्यमकालिन खर्च संरचना (MTEF) पारित गर्ने सम्बन्धमा |
६. बेलका नगरपालिकाको आर्थिक सर्वेक्षण,२०७९-०८० सम्बन्धमा |
७. सस्थागत क्षमता स्वमूल्यांकन (LISA) को प्राप्तांक अनुमोदन गर्ने सम्बन्धमा |
८. तपसिल वमोजिमको बेलका नगर सभा स्तरीय समितिहरु गठन सम्बन्धमा |
   - लेखा समिति
   - विधायन समिति
   - सुशासन समिति
९. नगर सभाको आठौं र नवौं अधिवेशनबाट पारित संशोधित आर्थिक ऐन तथा विनियोजन ऐन बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट भए गरेका सम्पूर्ण आर्थिक कारोबार र क्रियाकलाप अनुमोदन सम्वन्धमा |
१०. बेलका नगरपालिकामा आ.व. २०७८/०७९ मा करार सेवा, सेवा करार तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद थप तथा सेवा निरन्तरता सम्वन्धमा।
   क. भूमितर्फ
   ख. नगर अस्पताल, आधारभूत स्वास्थ्य सेवा इकाइ, सहरी स्वास्थ्य क्लिनिक र आयुर्वेद औषधालयतर्फ
   ग. कृषि विकास सेवा
   घ. पशु विकास सेवा
   ङ. स्वास्थ्य सेवा
   च. नगरपालिका तर्फ
११. नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गर्ने सम्वन्धमा।
१२. विभिन्न आयोजना सम्झौता अनुमोदन गर्ने सम्वन्धमा।
१३. विभिन्न ठेक्काहरुको म्याद थप अनुमोदन सम्वन्धमा।
१४. खरिद योजना स्वीकृति सम्वन्धमा।
१५. बेलका नगरपालिका अन्तर्गत संचालित सर्पदंश उपचार केन्द्र, महिला सुरक्षावास, आयुर्वेद औषधालय र आँखा उपचार केन्द्रलाई निरन्तरता दिने सम्बन्धमा |

१६. साविक रामपुर स्वास्थ्य चौकी हाल बेलका नगर अस्पतालमा कार्यरत ल्याब टेक्निसियन सहायक चौथो मनोज कुमार यादवको पदस्थापन सम्बन्धमा ।

१७. तपसिलमा उल्लेखित योजना हरुको संचालन, व्यवस्थापन तथा श्रोत निर्धारण सम्बन्धमा ।

क. बेलका नागरिक यातायात लिमिटेड सम्बन्धमा ।

ख. बेलका नगरको बस पार्क निर्माणको लागि नगर विकास कोषसँगको ऋण सहयोग सम्बन्धमा ।

ग. फोहोर मैला व्यवस्थापन तथा उद्यान केन्द्र निर्माण/ संचालन सम्बन्धमा ।

१८. बेलका नगरपालिका क्षेत्र भित्रको ढुंगा, गिट्टी, वालुवा संकलन, उत्खनन, विक्री ठेक्का व्यवस्थापन सम्बन्धमा

१९. घाटा बजेटको योजना सम्झौता सम्बन्धमा ।

२०. वार्षिक कार्य संचालन पात्रो कार्यान्वयनमा ल्याउने सम्बन्धमा ।

२१. नीति कार्यक्रम कार्यान्वयनका लागि नगर प्रमुकलाई अख्तियारी सम्बन्धमा ।

२२. प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी सम्बन्धमा ।

२३. ठेक्का व्यवस्थापन, उपभोक्ता समिति गठन र सम्झौता सम्बन्धमा ।

२४. सफ्टवेयर खरिद तथा व्यवस्थापन सम्बन्धमा ।

२५. साझेदारी निकाय संघ संस्थाहरुसँग साझेरारी गरी कार्यक्रम संचालन गर्न सहयोग माग गर्ने सम्वन्धमा ।

२६. सार्वजनिक सुनुवाई संचालन गर्ने सम्बन्धमा ।

२७. उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुको लागत सहभागिता सम्बन्धमा ।

२८. वडा नं. १ र ६ का लागि स्वास्थ्य चौकी भवन निर्माणका लागि सम्बन्धित निकायसँग माग गर्ने सम्बन्धमा ।

२९. राष्ट्रसेवक कर्मचारीहरुको तलबमान र सेवा सुविधा निरन्तरता सम्बन्धमा ।

३०. नगर सभा सदस्यहरुको सेवा सुविधा सम्बन्धमा ।

३१. कर्मचारी कल्याणकारी कोषमा रकम जम्मा गर्ने सम्बन्धमा ।

३२. राष्ट्रसेवक कर्मचारीहरुको निवृत्ति भरण रकम सम्बन्धमा ।

३३. आवश्यक सार्वजनिक सवारी साधन भाडामा लिने सम्बन्धमा ।

३४. सप्तकोशी कटान नियन्त्रण गर्नका लागि नेपाल सरकारसँग अनुरोध गर्ने सम्बन्धमा ।

३५. प्रदेश नं. १ आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग दमकल माग गर्ने सम्बन्धमा ।

३६. बेलका नगर भित्रको सडक सिमाक्षेत्र खालि गराउने सम्बन्धमा ।

३७. योजना बैंक निर्माण गर्ने सम्बन्धमा ।

३८. बाणिज्य बैंक स्थापनाका लागि अनुरोध गर्ने सम्बन्धमा ।

३९. नगर अस्पतालमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक रकम नगर अस्पताल कोषबाट नै भुक्तानी गर्ने सम्बन्धमा ।

४०. नगर प्रहरीहरुको रासन खर्च व्यवस्थापन सम्बन्धमा ।

४१. बेलका नगरपालिका वडा नं. ४ को वडा समितिको २०७८/११/३० गतेद्वारा रकमान्तर भई कार्य सम्पन्न भएको कार्य अनुमोदन गर्ने ।

बेलका नगरपालिका
नगरपालिकाको कार्यालय

अशोक कार्की
नगर प्रमुख

४२.वडागत रुपमा बजेट निर्माण गर्दा विपद व्यवस्थापन शीर्षकमा रकम व्यवस्थापन गर्ने सम्बन्धमा ।

४३.नगर कार्यपालिकामा कार्यरत अधिकृत स्तरका कर्मचारीहरुलाई आवास खर्च उपलब्ध गराउने सम्बन्धमा ।

४४.बेलका नगरपालिकामा वन क्षेत्रबाट प्राप्त रोयल्टी रकमबाट वन क्षेत्रसँग सम्बन्धित कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

४५.बेलका नगरपालिकामा रहेका नदि तथा खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन, संकलन तथा विक्रीका लागि ठेक्का व्यवस्थापन सम्बन्धमा ।

४६.नगरपालिकाको सामाजिक विकास शाखाको कार्य जिम्मेवारी र बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन सम्बन्धमा ।

४७.नगरपालिकामा साझेदार संस्थाहरुद्वारा कार्यक्रम संचालन पश्चात फरफारक गराउदा वडा समितिबाट सम्पूर्ण विवरण अनुमोदन भएपछी मात्र भुक्तानी हुने सम्बन्धमा ।

४८.नगरपालिकामा निर्माण भएका संरचना तथा भवनहरुमा देखिएको त्रुटी सच्याउनका लागि सम्बधित निर्माण व्यवसायीलाई पत्राचार गर्ने र व्यवसायी सम्पर्कमा नआएमा दरौती रकमबाट निर्माण गराउने सम्बन्धमा ।

४९.बेलका नगरपालिकामा जेष्ठ नागरिकहरुका लागि विभिन्न प्रकारका स्वास्थ्य शिविर संचालन सम्बन्धमा ।

५०.निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने सम्बन्धमा ।

५१.बेलका नगरपालिकाको विषयगत समिति संचालन कार्यविधि, २०७९ पारित गर्ने सम्बन्धमा ।

५२.आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ वमोजिम आर्थिक कारोवार संचालन गर्ने सम्बन्धमा ।

५३.बेलका नगरपालिकामा स्वीकृत दरबन्दीमा रिक्त रहेको पदहरुमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगसँग माग गर्ने सम्बन्धमा ।

५४.नगर स्तरीय योजना, वडा स्तरीय योजनाहरुको भुक्तानी तथा अनुगमन सम्बन्धमा ।

५५.नगरपालिकाको तर्फबाट संबैधानिक आयोग, नेपाल सरकार, प्रदेश सरकार, मन्त्रालय तथा संघ/संस्थासँग सम्झौता गर्न नगरपालिकाको तर्फबाट नगर प्रमुखलाई आख्तियारी दिन सम्बन्धमा अ।

५६.गलत विवरण, लिखत तयार गरी काम गरेमा सो कामको जिम्मेवरी सम्बन्धित व्यक्ति उने सम्बन्धमा ।

५७.बेलका नगरपालिकाका स्वीकृत योजना कार्यक्रम बाहेकका योजनाहरुको अनुगमन गर्दा सम्बद्ध पक्षलाइ जानकारी दिने सम्बन्धमा ।

५८.आ.ले.प. कार्मचारी माग गर्ने सम्बन्धमा ।

५९.नगरपालिकामा स्वामित्व रहेका सवारी साधनको नवीकरण सम्बन्धमा ।

६०.शववाहन खरिद गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने सम्बन्धमा ।

६१.बेलका नगरपालिकामा रहेका शाखा तथा फाँटहरुमा अतिरिक्त समयमा कार्य सम्पादन गरेका कर्मचारीहरुलाई मौद्रिक प्रोत्साहन उपलब्ध गराउने सम्बन्धमा ।

६२.बेलका नगरपालिकामा सहायक तेश्रो तहमा कार्यरत श्री उमेश कटुवाललाई नियमानुसार निवृत्त हुँदा प्राप्त गर्ने सेवा सुविधा रकम उपलब्ध गराउने सम्बन्धमा ।

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
प्रदेश नं. १, नेपाल

अशोक कार्की
नगर प्रमुख

६३. बेलका नगरपालिका वडा नं. ५ मा खाने पनि प्रयोजनका लागि गाडिएको डिप बोरिङको भुक्तानी भुक्तानी बाँकीमा राख्ने सम्बन्धमा ।

६४. बेलका वडा नं६ मा १० शैयाको अस्पताल निर्माणका गर्नका लागि गरिएको ठेक्का सम्झौता सम्बन्धमा ।

६५. बेलका नगरपालिकामा रहेको सवारी साधनहरुको मर्मत सिफारिस र भुक्तानी अनुमोदन गर्ने सम्बन्धमा ।

६६. बेलका नगरपालिकामा आ.व.२०७८/०७९ मा कार्यरत कर्मचारीहरुको तलब भत्ता, करार कर्मचारीहरुको पारिश्रमिक, सेवा करारको भुक्तानी र दैनिक ज्यालादारीको तलब भत्ता पारिश्रमिक तथा सेवा सुविधा अनुमोदन गर्ने सम्बन्धमा ।

६७. भुक्तानी बाँकीमा राखिएको शीर्षक र बजेट प्रमाणीकरण गर्ने सम्बन्धमा ।

६८. भुक्तानी बाँकीमा राखिएको योजना तथा कार्यक्रमहरु प्राथमिकतामा राखेर भुक्तानी दिने सम्बन्धमा ।

६९. बेरुजु फछ्र्यौट सम्बन्धमा ।

७०. साझेदारी योजना तथा कार्यक्रम संचालन सम्बन्धमा ।

७१. नागरिक वडापत्र अद्यावाधिक तथा लागु गर्ने सम्बन्धमा ।

७२. बजार अनुगमन सम्बन्धमा ।

७३. क्षमता विकास तालिम, अनुशिक्षण अवलोकन भ्रमण लगायतका कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

७४. योजनाहरुको DPR, Master Plan, सम्भाव्यता अध्ययन गर्ने सम्बन्धमा ।

७५. इन्धन व्यवस्थापन सम्बन्धमा ।

७६. नगरपालिकाको निर्माण सामग्री प्रयोग तथा व्यवस्थापन सम्बन्धमा ।

७७. योजनाहरुको ठेक्का व्यवस्थापन र योजना कार्यक्रम सूचना पार्टी राख्ने सम्बन्धमा ।

७८. नगर गौरवका योजनाहरु ।

७९. नगरसभाको दशौं अधिवेशनको बैठकको क्रमसङ्ख्या १ देखि ७७ सम्मका निर्णयहरु सम्वन्धमा

८०. नगरसभाको दशौं अधिवेशनको बैठकको क्रमसङ्ख्या १ देखि ११ सम्मका अनुसूचिहरु सम्वन्धमा ।

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
प्रदेश नं. १, नेपाल
२०७३

अशोक कार्की
नगर प्रमुख